# माछापुच्छ्रे गाउँपालिकाले प्रदान गरेको सेवा प्रवाह र विकास निर्माणबारे सार्वजनिक सुनुवाई कार्यक्रम-२०७९ प्रतिवेदन

सहजीकरण

सहमत मिडिया प्रालि

## माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, लाहाचोक-कास्की ।

## २०७९ भदौ ३१ गते

## विषय सूची

१. विषय प्रवेश ....................................
२. सार्वजनिक सुनुवाईको उद्देश्य .....................
३. सार्वजनिक सुनुवाई कार्यक्रमको तयारी ..........................
४. सार्वजनिक सुनुवाई कार्यक्रम ...............................
५. सार्वजनिक सुनुवाईका सहभागीहरु.................. .........
६. सहभागीहरुको लिखित तथा मौखिक प्रश्नको जवाफ ............
७. निष्कर्ष ......................................
८. अनुसूचिहरु .......................................
अनुसूची १ : सार्वजनिक सुनुवाई कार्यक्रमको सञ्चारमाध्यममा प्रसारित सूचना ....
अनुसूची २ : सार्वजनिक सुनुवाई कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता ..
अनुसूची ३ : नागरिक प्रतिबेदन र बहिर्गमन अभिमत ...............
अनुसूची ४ : सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यक्रम तालिका ..........
अनुसूची ५ : सार्वजनिक सुनुवाई कार्यक्रमका केही तस्वीरहरु ........
अनुसूची ६ : कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा तथा जवाफ .......
अनुसूची ७ : सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागीहरु ..........
अनुसूची ८ : सार्वजनिक सुनुवाई कार्यक्रमको समाचार..........

## १. पृष्ठभुमी

लामो समयपछि नेपालका स्थानीय तह परिमार्जन सहित जनप्रतिनिधीको हातमा पुगेको छ । २० बर्षपछि राज्य पुनर्संरचनासँगै २०७४ सालमा तीन तहको चुनाव भयो । स्थानीय तहले पहिलो कार्यकाल व्यति गरेर दोश्रो कार्यकालको सुरुवात गरेको छ । सबै तहमा नयाँ जनप्रतिनिधिले जिम्मेवारी सम्हालेका छन् । राज्यको संरचना राज्यशक्तिको बाँडफाँट अव जनतामा विकेन्द्रित भएको छ । जनताका घर आँगनमा सरकार पुगेको छ । प्रदेश सरकार गठन भएको लामो समय वितिसकेपनि आवश्यक ऐन, कानुन, तथा निर्देशिकाको अभावका कारण जनप्रतिनिधीहरु अल्मलिएपनि अहिले भने एउटा जग तयार भएको छ । नेपालको संविधान बमोजिम कायम भएका प्रदेश सरकार, गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका र समन्वय समितिमा निर्वाचित सरकारले पहिलो कार्यकालको सबै बजेट, नीति तथा कार्यक्रम ल्याएका छन् । प्राचिन समयदेखि नै नेपालमा केन्द्रीकृत शासन पद्धति छ । यो निकै पुरातन अवधारणामा चल्दै आएको हामी नकार्न सक्दैनौं । जब २०५५ सालमा स्थानीय स्वायत्त शासन ऐन र २०५६ सालमा स्थानीय स्वायत्त शासन नियमावली आयो त्यसपछि विकेन्द्रिकृत अवधारणा सुरुवात भयो । तर अपसोच, ऐन र नियमावलीसँगसँगै स्थानीय निकायको चुनाव हुन सकेन । देशका सार्वजनिक प्रशासनहरु जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा सहभागितामुलक बनाएर त्यसको प्रतिफल सबै नागरिकलाई उपलब्ध गराउनु राज्यको दायित्व हो । कानुनको शासन, चुस्त दुरुस्त प्रशासन, आर्थिक अनुसासन, उत्तरदायी र जिम्मेवारपूर्ण कर्मचारी, कर्तब्यउन्मुख उपभोक्ता देश विकासको मुख्य आधार मान्न सकिन्छ । स्थानीय स्तरको विकास समग्र देश विकासकै सुचक भएको हुँदा नेपाल सरकारले स्थानिय तहलाई समुचित तवरले विकासोन्मुख गति तर्फ अघि बढाउन उपलब्ध गराउने अनुदानका अतिरिक्त स्थानीय तह आँफै राजस्व संकलन गर्ने र सोको उचित परिचालन गर्ने व्यवस्था नयाँ अबधारणा हो ।

धेरैजसो सरकारी कार्यालयहरु जनताप्रति उत्तरदायि हुन सकेका छैनन् भन्ने गुनासो निकै थियो र छ । पारदर्शिताका हिसावले पनि कमजोर थिए र छन् । आफुँसँग भएका श्रोत र साधनको अधिकतम उपयोग गरी जनताको विकास प्रतिको अपेक्षा पूरा गर्ने दायित्व यस्ता कार्यालयहरुको हुन् । तथापी आवश्यक्ताहरु, प्राथमिकताहरु, उपलब्ध अवसर तथा साधन श्रोतको तुलनामा निकै चूनौतिपूर्ण छन् । विकास जनताको नजिक र सेवा सुविधाहरु जनताको वरपर पुऱ्याउनु सुशासनप्रतिको विश्वासको वलियो आधार हो । विकेन्द्रिकरणको मर्म जनसहभागितामा आधारित निर्णय प्रक्रियाको अभ्यास गर्दै तय गरिएका योजनाहरुको प्रतिफलमा कुनै शंका हुँदैन । आम जनताको चाहनालाई योजनामा केन्द्रित गर्ने कुरा सामान्य छैन । तर अझैपनि प्राथमिकताले नभई पहुँचले अवसर पाउने परम्परा जिवित छ ।

तोकिएको व्यवस्था अनुसार कार्यालयको काम कारवाही स्वच्छ, पारदर्शी बनाउन, सबैलाई अधिकार र कर्तब्यको बोध गराउन र सर्वसाधारण तथा सरोकारवालाको जायज सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाई गराउनुपर्ने हुन्छ । आफ्ना कामबारे जनताले जाँच्छन् । उनीहरुको प्रतिक्रिया सुन्न र गल्ती नदोहोऱ्याउन यस्ता कार्यक्रम प्रभावकारी पनि छन् । स्थानीय सरकार सन्चालन ऐन सुशासनका लागि सार्वजनिक सुनुवाईको परिकल्पना गरेको छ । हरेक स्थानीय तहको स्व मुल्यांकनका लागि पनि सार्वजनिक सुनुवाई अपरिहार्य बनाईएको छ । यसको अभ्यास कास्कीको माछापुच्छ्रे गाउँपालिकाले गर्न थालेको छ । गाउँपालिकाको आयोजनामा वडा नम्बर ६ स्थित भेडाबारीमा सार्वजनिक सुनुवाई कार्यक्रम भएको हो ।

## २. सार्वजनिक सुनुवाईका उद्देश्य

- कार्यालयबाट संचालित कार्यक्रम, उपलब्ध सेवा र सुविधा सार्वजनिक गर्ने,
- कार्यालयबाट सञ्चालन गरिएका योजना, परियोजना, कार्यक्रम, बजेट आदिका बारेमा सरोकारवाला तथा इच्छुकलाई विस्तृत जानकारी दिने
- कार्यालयले आफूले सञ्चालन गरेका कार्यक्रमको सकारात्मक वा नकारात्मक प्रभावका बारेमा मुल्यांकन गर्ने र सुधारको बाटो पहिल्याउने
- सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने, जिम्मेवार बन्ने

## ३. सार्वजनिक सुनुवाई कार्यक्रमको तयारी

क) सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्नको लागि व्यवस्थापन तथा सहकार्यको जिम्मेवारी सहमत मिडिया प्रालिलाई दिईयो ।

ख) सार्वजनिक सुनुवाई कार्यक्रमलाई ब्यबस्थित रुपमा सम्पन्न गर्नको लागि माछापुच्छ्रे गाउँपालिका अध्यक्ष मिनबहादुर गुरुङ, उपाध्यक्ष सीता अधिकारी र प्रमुख प्रशासकीय अधिकृत वेदहरी अधिकारी सहित कार्यक्रम समूहको बैठक बस्यो र आवश्यक तयारी थाल्यो । त्यसअघि कार्यक्रमबारे कार्यपालिका बैठकले नै निर्णय गरिसकेको थियो । सोही निर्णय अनुसार कार्यक्रमको तयारी थालिएको हो ।

ग) सार्वजनिक सुनुवाई कार्यक्रममा आम नागरिकहरुलाई पनि प्रत्यक्ष संलग्न गराउने उद्देश्यका साथ पालिकाका विभिन्न ठाउँ र भेगमा रहेका नागरिक र उपभोक्ता तथा सरोकारवालाहरुलाई पत्राचार गरिएको थियो । साथै वडा र पालिकाको सुचना पाटीमा पनि टाँसिएको थियो । कार्यक्रममा सहभागिताका लागि माइकिङ समेत गरिएको थियो । (***प्रवाह भएको सूचनाको नमूना <u>अनुसूची १</u> मा रहेको छ ।***)

ग) सार्वजनिक सुनुवाई कार्यक्रमलाई व्यवस्थित र सभ्य ढंगबाट सम्पन्न गर्नको लागि आचार संहिताको निर्माण गरियो । यो आचार संहितालाई सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागीलाई सुनाएर उनीहरुबाट अनुमोदन गराई कार्यक्रम अवधिभरका लागि लागू गरिएको थियो ।
(***आचार संहिताको नमूना <u>अनुसूची २</u> मा रहेको छ ।***)

## ४. सार्वजनिक सुनुवाई कार्यक्रम

पूर्व निर्धारित कार्यक्रम अनुसार सार्वजनिक सुनुवाई २०७९ भदौ ३१ गते दिउँसो १२ बजेदेखि शुरु भयो । सार्वजनिक सुनुवाई कार्यक्रम झण्डै ६ घण्टा सञ्चालन भएको थियो । कार्यक्रमलाई औपचारिक रुपमा नै शुरु गरिएको थियो । सहमत मिडिया प्रालिका प्रकाश ढकालले कार्यक्रममा सञ्चालकको भूमिका निर्वाह गर्नुभएको थियो । गाउँपालिकाका अध्यक्ष मिनबहादुर गुरुङ ज्यूको अध्यक्षतामा भएको कार्यक्रममा कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै कार्यालयको सेवा प्रवाहका बारेमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत वेदहरी अधिकारीले जानकारी गराउनुभएको थियो । कार्यक्रममा उपाध्यक्ष सीता अधिकारीले स्वागत गर्नुभयो । प्रमुख जवाफदेहीका रुपमा गाउँपालिका अध्यक्ष गुरुङ सँगै, उपाध्यक्ष सीता अधिकारी, प्रमुख प्रशासकीय अधिकृत अधिकारी, वडाध्यक्षहरु, विभिन्न शाखाका प्रमुखहरु, एक्यापका प्रतिनिधि अन्य जनप्रतिनिधिहरु, उपभोक्ता समिति र टोल विकास संस्थाका प्रमुख प्रतिनिधिहरुलाई आसन ग्रहण गराईसकेपछि सहजकर्ता प्रकाश ढकालले कार्यक्रममा थप सहजीकरण गर्नुभयो ।

त्यसपछि सहजकर्ताले सार्वजनिक सुनुवाई आचारसंहिता सहभागीहरुबाट अनुमोदन गराउँदै सार्वजनिक सुनुवाई कार्यक्रममा सबैले पालना गर्नुपर्ने नियमका बारेमा जानकारी गराउनुभयो । कार्यक्रममा पालिकाका विभिन्न वडामा पुगेर भरिएको नागरिक प्रतिवेदन र कार्यालयबाट सेवा लिएर फर्किंदै गरेका सेवाग्राहीसँग भरिएको बहिर्गमन अभिमतको प्रतिवेदन सहमत मिडिया प्रालिका अमृत सुदेवीले सार्वजनिक गर्नुभयो । पालिकाका प्रमुख प्रशासकीय अधिकृत वेदहरी अधिकारीले हालसम्म सम्पन्न कार्यक्रम तथा बजेटका बारेमा जानकारी गराउनुभयो । त्यसपछि गाउँपालिका र वडाका सेवा प्रवाह तथा विकास निर्माणका विषयमा सहभागीबाट लिखित र मौखिक प्रश्नहरुको संकलनको लागि खुला छलफल सुरु भएको थियो ।
***(सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यक्रम तालिका <u>अनुसूची ४</u> मा रहेको छ । )***

## ५. सार्वजनिक सुनुवाईका सहभागीहरु

सार्वजनिक सुनुवाई कार्यक्रममा माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष मिनबहादुर गुरुङ, उपाध्यक्ष सीता अधिकारी, प्रमुख प्रशासकीय अधिकृत वेदहरी अधिकारीसँगै, वडाध्यक्षहरु लगायत जनप्रतिनिधिहरु, विभिन्न शाखाका प्रमुखहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, उपभोक्ता समितिका अध्यक्ष एवं पदाधिकारीहरु, टोल विकास संस्था, समूह वा सन्जाल, क्लवका प्रमुख एवं प्रतिनिधिहरु, सर्वसाधारण नागरिकहरु लगायतको उपस्थिति थियो । यसअघि कार्यक्रमहरु पालिका केन्द्रमा मात्रै आयोजना हुने गरेकोमा नागरिकहरुको बढि सहभागिता होस् भन्ने हेतुले विभिन्न वडामा सन्चालन गर्न थालिएको हो । त्यसैले वडा नम्बर ५, ६, ७, ८ र ९ का नागरिकहरुको उल्लेख्य सहभागिता थियो ।
(***सहभागीहरुको विवरण <u>अनुसूची ५</u> मा रहेको छ ।***)

## ६. सहभागीहरुको लिखित तथा मौखिक प्रश्नको जवाफ

सार्वजनिक सुनुवाई कार्यक्रमको खुल्ला छलफलमा सहभागीहरुले उठाएका प्रश्नको पालिका अध्यक्ष मिनबहादुर गुरुङ, उपाध्यक्ष सीता अधिकारी, प्रमुख प्रशासकीय अधिकृत वेदहरी अधिकारी, शाखा प्रमुखहरु, एक्यापका प्रतिनिधि बाबुलाल तिरुवा, वडाध्यक्षहरुले जवाफ दिनुभयो ।

*(खुला छलफलमा सहभागीले उठाएका प्रश्न, गुनासो एवं सुझाव तथा गुनासो उपर दिईएको जवाफ र प्रतिवद्धता अनुसूची ६ मा रहेको छ ।)*

## ७. निश्कर्ष :

सार्वजनिक सुनुवाई कार्यक्रम सौहार्द्धपूर्ण वातावरणमा सम्पन्न भयो । व्यक्तिगत रिसिइवी साँध्ने किसिमले कसैबाट पनि आरोप, प्रत्यारोप र लाञ्छना लगाउने कार्य भएन । तथापी कार्यक्रम पालिका केन्द्र भन्दा बाहिर पहिलो पटक भएकोले नागरिकहरुको प्रश्न यथेष्ट थिए । मन फुकाएर उनीहरु आफ्ना प्रश्न राखे । कार्यक्रम अवधि भर सबैबाट शिष्ट र सभ्य भाषाको प्रयोग भयो । त्यसैगरी गाउँपालिका र वडाको तर्फबाट पनि आवश्यक जानकारी प्रश्तुत गरिनुका साथै सहजकर्तालाई आवश्यक जानकारीहरु समयमा नै उपलब्ध गराईएको कारण कार्यक्रम जानकारी मुलक र प्रभावकारी किसिमबाट सञ्चालन गर्न सम्भव भयो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीहरुबाट गाउँपालिकाका आगामी दिनमा हुने भूमिकाका सन्दर्भमा धेरै प्रश्न तथा गुनासोहरु एवं सुझावहरु आएका छन् । त्यसैगरी कार्यालयको तर्फबाट पनि जिज्ञासा तथा गुनासोको सुनुवाई गरिएको छ । आगामी दिनमा सुझाव र प्रश्नहरुलाई मनन गरी सुधार गर्ने अपेक्षा गरेका छौं । अर्को कार्यक्रम सन्चालन हुँदासम्म अहिले प्रतिबद्धता जनाईएका विषयहरु सम्बोधन हुने विश्वास लिएका छौं ।

माछापुच्छ्रेमा एक्यापले बढी दुख दिएको गुनासो नागरिकहरुको छ । खानेपानी संस्थानबाट राजश्व लिन पालिका नेतृत्वलाई दवाव दिएका छन् । पालिका र वडा कार्यालयहरु व्यवस्थित नहुँदा काम गर्न समस्या परेको छ । एक कार्यकाल जनप्रतिनिधिले ब्यतित गरिसक्दा पनि प्रणालीगत सुधार र नयाँपन नहुँदा आम नागरिकहरुमा बढी प्रश्न थुपरिएको छ । यद्यपी जनसेवा भने पहिले भन्दा बढेको छ । जिल्ला सदरमुकाम पुग्नुपर्ने काम पालिकाबाट सम्पादन हुँदा संघीयताप्रति जनताको विश्वास बढ्दै गएको अनुभुत भएको छ । तथापी थप सुधारहरु आवश्यक छ । आगामी दिनमा ति सुधार हुने विश्वास लिएका छौं ।

## ८. अनुसूचीहरु

# अनुसूची १

***सार्वजनिक सुनुवाई कार्यक्रमको लागि सार्वजनिक सञ्चार माध्यमबाट प्रसारित सूचना***

**माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको सार्वजनिक सुनुवाई सम्बन्धि अत्यन्तै जरुरी सुचना**

कास्कीको माछापुच्छ्रे गाउँपालिकाले नागरिकलाई प्रदान गरेको सेवा प्रवाह र विकास निर्माण कार्यहरु सार्वजनिक गरी ती विषयमा नागरिकहरुले उठाएका प्रश्नहरुको सुनवाई गर्दै रचनात्मक सुझाव ग्रहण गर्न यही मिति २०७९ भदौ ३१ गते वडा नम्बर ६ भेडाबारीमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएकोले कार्यक्रममा सहभागी भई आफ्ना प्रश्न, गुनासो तथा सुझाव व्यक्त गरिदिनुहुन गाउँपालिका भित्रका सम्पूर्ण नागरिकहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**आयोजक**

**माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय**

**लाहाचोक, कास्की**

# अनुसूची २

## सार्वजनिक सुनुवाई कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता

१ सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।
२ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।
३ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ ।
४ सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ ।
५ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहो¥याउन जरुरी हुनेछैन ।
६ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।
७ सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन ।
८ सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन ।
९ सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।
१० सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ ।

# अनुसूची ३

## बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन

बहिर्गमन अभिमत **(Exit Poll)**

माछापुच्छ्रे गाउँपालिका कार्यालय र विभिन्न वडा कार्यालयबाट सेवा लिएर निस्किँदै गरेका सेवाग्राहीसँग सोधेर तयार गरिएको बहिर्गमन अभिमत-सहभागी संख्या ५३ जना ।

**१. कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ?**

| | |
|---|---|
| सिफारिस लिन/पु¥याउन | ४३ प्रतिशत |
| योजना माग गर्न | ७ प्रतिशत |
| योजना सम्झौता गर्न | ४२ प्रतिशत |
| सूचनामूलक सामग्री प्राप्त गर्न | १० प्रतिशत |
| अन्य कुनै भए | २५ प्रतिशत |

**२. सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ?**

| अति स्पष्ट | ठीकै | अस्पष्ट |
|---|---|---|
| ३४ प्रतिशत | ५२ प्रतिशत | १४ प्रतिशत |

**३. सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?**

| अति धेरै | ठीकै | थोरै |
|---|---|---|
| ३७ प्रतिशत | ५७ प्रतिशत | ६ प्रतिशत |

**४. तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?**

| मिलनसार र मैत्रीपूर्ण | ठीकै | अभद्र/अमर्यादित |
|---|---|---|
| ४६ प्रतिशत | ४९ प्रतिशत | ५ प्रतिशत |

**५. सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ?**

| अति स्पष्ट गरिदिए | ठीकै | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
|---|---|---|
| ४५ प्रतिशत | ५१ प्रतिशत | ४ प्रतिशत |

**६. तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ?**

| अति सजिलो तरिकाबाट समाधान दिए | ठीकै | समाधान दिन सकेनन् |
|---|---|---|
| ३५ प्रतिशत | ६३ प्रतिशत | २ प्रतिशत |

**७. सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ?**

| अति सजिलो (छोटो) | ठीकै | लामो र झन्झटिलो |
|---|---|---|
| २८ प्रतिशत | ६५ प्रतिशत | ७ प्रतिशत |

**पालिकाले गरेका कुनकुन कुरा राम्रो लाग्यो र के कुरा सुधार गर्नुपर्ने देखियो ?**

**राम्रा लागेका कुराहरु**

१. जनप्रतिनिधि आएपछि गाउँगाउँमा विकास भएको छ । खानेपानी, विजुली र सडक पुगेका छन् ।
२. शिक्षामा पालिकाले केही राम्रो गरेको छ ।
३. वडावडामा कम्प्युटर सिस्टमबाट काम हुन्छ ।
४. कर्मचारीहरु समयमै आउँछन् । सेवाग्राहीसँग राम्रो व्यवहार गर्छन् ।
५. वडामै प्रसुती केन्द्र सन्चालन गरिएको छ । बन्द भएको सेवा फेरि पाएका छौं ।
६. खोजेका बेला जनप्रतिनिधि र कर्मचारी भेटिन्छन्, जनताका समस्या सुन्छन् ।
७. कर्मचारीहरु ड्रेस लगाएर आउँछन् । चिन्न सजिलो भएको छ ।

**सुधार गर्नुपर्ने सुझावहरु**

१. नदीजन्य सामग्री उत्खनन् अपारदर्शी हिसावले भएको छ । निर्णय पनि सार्वजनिक गरिएको छैन । मनपरी उत्खनन् भएको छ ।
२. अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) ले नागरिकका समस्या बुझ्दैन । गाउँपालिका भन्दा ठूलो ठानेर कर उठाउँछ । नवीकरण नै नभएको संस्थाले कर उठाउन पाउँछ कि पाउँदैन ?
३. नदीजन्य सामग्री गाउँपालिकाभित्रका नागरिकले प्रयोग गर्दा निशुल्क हुनुपर्‍यो ।
४. वडा नम्बर ८ देखि ९ जोड्ने बाटो छिटो पीच गरिदिनुपर्‍यो, पर्यटक र स्थानीयले सास्ती ब्यहोर्नुपरेको छ ।
५. कार्यालय भवन निकै साँघुरो भयो । वडामा पनि छिर्नै सकिँदैन । अलि व्यवस्थित गरियोस् ।
६. होमस्टे भएका गाउँहरुमा पार्किङ र बसपार्क निर्माण गरियोस्, फोहोर व्यवस्थापनमा पहल होस् ।
७. संरक्षण क्षेत्रभित्र बाढी र भुक्षय बढेको छ । त्यसमा एक्याप र पालिकाले खासै वास्ता गर्दैन ।
८. पोखरा खानेपानीले ड्याम बनाएर लाखौं रोपनी खेतीयोग्य जमिन बाँझो भएको छ । कतिपय जमिन कटान भैरहेको पनि छ । खानेपानी संस्थानसँग समन्वय गरेर समाधानको पहल होस् । साथै खानेपानीबाट राजश्व लिने वातावरण मिलाइयोस् ।
९. विकास आयोजनाहरु हचुवाका भरमा चलेका छन् । जनताले मागे पैसा पर्दैन, जनप्रतिनिधिले खल्तीबाट पहुँचका भरमा योजना हाल्दा गुणस्तरीय र प्रभावकारी भएन ।
१०. टाढाबाट फाइल लिएर आउछौं, ३ पटकसम्म फर्कनुपरेको छ । वडा र पालिकाबीच समन्वय नभएर हो कि कर्मचारीले नजानेका हुन् ? वडाले सदर गरेको फाइल किन फर्काएको हो ?
११. चार बजेपछि कर्मचारी काम गर्न मान्दैनन् । कार्यालयहरु खाली हुँदा सेवाग्राहीलाई समस्या परेको छ ।
१२. नयाँ जनप्रतिनिधि आएपछि पूराना करारका कर्मचारी एकै पटक निकालियो । नयाँ कर्मचारी भर्ना गर्नुभन्दा पहिलेकैलाई निरन्तरता दिएको भए अनुभवीले राम्रो कार्यसम्पादन गर्थे । यसमा राजनीतिक विभेद देखिन्छ ।
१३. गाउँपालिका जाने बाटो लामो समय भैसक्दा पनि किन स्तरोन्नती नभएको हो ? पालिकाको पहल पुगेन कि माथीका सरकारले टेरेनन् ? जनतालाई स्पष्ट जानकारी होस् ।
१४. मर्दि हिमाल ट्रेक र माछापुच्छ्रे मोडेल ट्रेकको विकास र प्रबर्द्धन गर्न पालिकाले जोड दियोस् ।
१५. होमस्टेलाई समय अनुसार सामुदायिक रिसोर्टका रुपमा स्तरोन्नती गरियोस्, स्थानीय उत्पादनमा जोड दिइयोस् ।
१६. कार्यपालिका बैठकमा अनुभवी र विज्ञहरुलाई समेत सहभागी गराएर उनीहरुको रायका आधारमा निर्णय होस् । नत्र निर्णय कार्यान्वयन हुन सक्दैन ।
१७. पालिकामा उत्पादन भएका टुसा लगायत जडिबुटीहरु मनपरी निर्यात भैरहेका छन् । व्यवस्थित गरी करको दायरामा ल्याउन किन सकेको छैन ?

## नागरिक प्रतिवेदन **(Citizen Report Card)**

**माछापुच्छ्रे गाउँपालिकाका विभिन्न वडामा पुगेर नागरिकहरुबाट भरिएको प्रतिबेदन-सहभागि नागरिक ५० जना ।**

**१. तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?**

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| ७० प्रतिशत | ३० प्रतिशत | ० प्रतिशत |

**२. सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?**

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| ६७ प्रतिशत | २८ प्रतिशत | ५ प्रतिशत |

**३. नागरिक बडापत्रमा उल्लेखित सेवामा लागेको समयप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| २१ प्रतिशत | ५६ प्रतिशत | २३ प्रतिशत |

**४. तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?**

| | | |
|---|---|---|
| तिरेको छैन | एकदमै कम | धेरै तिरेको |
| ९२ प्रतिशत | ८ प्रतिशत | ० प्रतिशत |

**५. यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?**

| | | |
|---|---|---|
| विश्वस्त | ठीकै | अविश्वस्त |
| ५० प्रतिशत | ५० प्रतिशत | ० प्रतिशत |

**६. यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?**

| | | |
|---|---|---|
| छ | छैन | अलिअलि थाहा छ। |
| २८ प्रतिशत | १२ प्रतिशत | ६० प्रतिशत |

**७. तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?**

| | | |
|---|---|---|
| आँफै | ठूलाबडाको | मध्यस्थकर्ता |
| ७८ प्रतिशत | २२ प्रतिशत | ० प्रतिशत |

**८. यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ?**

| | | |
|---|---|---|
| १ पटक | २ पटक | सो भन्दा बढी |
| २६ प्रतिशत | ३४ प्रतिशत | ४० प्रतिशत |

**९. कार्यालयको भौतिक अवस्था कस्तो छ ?**

| | | |
|---|---|---|
| अति राम्रो | ठीकै | नराम्रो |
| ९ प्रतिशत | ४५ प्रतिशत | ४६ प्रतिशत |

**१०. कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाइ जानकारी छ ?**

| | | |
|---|---|---|
| छ | आंशिक जानकारी छ | कुनै जानकारी छैन |
| ३२ प्रतिशत | ४६ प्रतिशत | २२ प्रतिशत |

**११. कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?**

| | | |
|---|---|---|
| अति राम्रो | ठीकै | खासै राम्रो छैन |
| ५० प्रतिशत | ५० प्रतिशत | ० प्रतिशत |

**१२. राजस्व, शुल्क तथा दस्तुर को-कससंग उठाउने गर्दछन् ?**

| | | |
|---|---|---|
| सबैसँग उठाउँछन् | सीमित व्यक्ति सँग उठाउँछन् | धेरै वक्यौता छ |
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

**१३. कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?**

| | | |
|---|---|---|
| राम्रो | ठीकै | खराब |
| ३० प्रतिशत | ४० प्रतिशत | ३० प्रतिशत |

**१४. तपाईको गाउँपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?**

| | | |
|---|---|---|
| राम्रो | ठीकै | खराव |
| २९ प्रतिशत | ५४ प्रतिशत | १७ प्रतिशत |

**१५. सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?**

| | | |
|---|---|---|
| प्रभावकारी छन् | ठीकै छन् | प्रभावकारी छैनन् |
| ३३ प्रतिशत | ४५ प्रतिशत | २२ प्रतिशत |

**१६. योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?**

| | | |
|---|---|---|
| पर्दैन | मागेरै लिन्छन् | रकम नदिए अप्ठ्यारो पार्छन् |
| ७७ प्रतिशत | ४ प्रतिशत | १९ प्रतिशत |

**१७. योजना सञ्चालन गर्दा गाउँपालिकावाट कत्तिको सहयोग पाउनुभएको छ ?**

| | | |
|---|---|---|
| धेरै सहयोग पाएको छु | ठीकै सहयोग पाएको छु | निरुत्साहित गरिन्छ |
| ३५ प्रतिशत | ६५ प्रतिशत | ० प्रतिशत |

**१८. कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?**

| | | |
|---|---|---|
| आवश्यक सीप छ | आवश्यकता भन्दा कम छ | सीप निकै कम छ |
| ९० प्रतिशत | १० प्रतिशत | ० प्रतिशत |

**१९. गाउँपालिकामा यसअघि सार्वजनिक सार्वजनिक कार्यक्रम भएका छन् कि छैनन् ?**

| | | |
|---|---|---|
| भएको थाहा छ | खै थाहा छैन | कार्यक्रमबारे जानकारी नै छैन |
| ६२ प्रतिशत | १५ प्रतिशत | २३ प्रतिशत |

**२०. यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?**

| | | |
|---|---|---|
| धेरै जानकारी पाएको छु | ठीकै जानकारी पाएको छु | कम जानकारी पाएको छु |
| ४४ प्रतिशत | ४८ प्रतिशत | ८ प्रतिशत |

# अनुसूची ४

**माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय**
**सार्वजनिक सुनुवाई कार्यक्रम -२०७९**
**कार्यक्रम तालिका**

| क.सं. | समय | विवरण | |
|---|---|---|---|
| १. | | अध्यक्षता ग्रहण | मिनबहादुर गुरुङ-अध्यक्ष |
| २. | | आसन ग्रहण | **प्रमुख जवाफदेही**<br>सीता अधिकारी-उपाध्यक्ष<br>बेदहरी अधिकारी-प्रमुख प्रशासकीय अधिकृत<br>**वडाध्यक्षहरु:**<br>इन्द्र गुरुङ-अध्यक्ष, वडा नम्बर १<br>गणेश आचार्य-अध्यक्ष, वडा नम्बर २<br>हरिश्चन्द्र लम्साल-अध्यक्ष, वडा नम्बर ३<br>मधुसुदन अधिकारी-अध्यक्ष, वडा नम्बर ४<br>नारायणप्रसाद पौडेल-अध्यक्ष, वडा नम्बर ५<br>टेकनाथ गौतम-अध्यक्ष, वडा नम्बर ६<br>बैकुण्ठप्रसाद भण्डारी-अध्यक्ष, वडा नम्बर ७<br>रामबहादुर गुरुङ-अध्यक्ष, वडा नम्बर ८<br>हरिबहादुर क्षेत्री-अध्यक्ष, वडा नम्बर ९<br>**जवाफदेही**<br>सम्झना पोखरेल -प्रमुख, शिक्षा शाखा<br>सीता शर्मा -प्रमुख, लेखा शाखा<br>डिल्लीराम दाहाल -प्रमुख, स्वास्थ्य शाखा<br>सुमन कुवँर -प्रमुख, कृषि शाखा<br>रामचन्द्र अधिकारी -प्रमुख, पशु सेवा शाखा<br>शैलेन्द्र क्षेत्री -प्रमुख, पुर्वाधार शाखा<br>बाबुलाल तिरुवा -प्रतिनिधि, एक्याप<br>**सहजकर्ता** : प्रकाश ढकाल<br>कार्यपालिका सदस्य तथा अन्य जनप्रतिनिधिहरु<br>**संघसंस्थाको तर्फबाट**<br>बिषयगत शाखाका अन्य प्रमुख प्रतिनिधीहरु, कार्यालयका कर्मचारी तथा वडा सचिवहरु, प्राविधिकहरु, नागरिक समाज, उपभोक्ता समिति, टोल विकास समिति, विभिन्न समूह तथा संजाल, विव्यस, शिक्षक तथा सर्वसाधारण नागरिकहरु । |
| ३. | | स्वागत तथा कार्यक्रमबारे जानकारी | सीता अधिकारी-उपाध्यक्ष |
| | सार्वजनिक सुनुवाईको चरणमा प्रवेश | | |
| | सेवा प्रवाह र विकास निर्माणका बारेमा जानकारी | | वेदहरी अधिकारी, प्रमुख प्रशासकीय अधिकृत |
| ४. | | आचार संहिता जानकारी | : सहजकर्ता |
| ५. | | नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत | : अमृत सुवेदी, सहमत मिडिया प्रालि |
| ६. | | लिखित र मौखिक प्रश्न संकलन | : सहजकर्ता |
| ७. | | प्रश्न तथा गुनासो स्पष्ट | मिनबहादुर गुरुङ, अध्यक्ष<br>सीता अधिकारी, उपाध्यक्ष<br>बेदहरी अधिकारी, प्रमुख प्रशासकीय अधिकृत<br>बाबुलाल तिरुवा-एक्याप प्रतिनिधि<br>वडाध्यक्षहरु,<br>शाखा प्रमुखहरु |
| ८. | | थप जिज्ञासा आह्वान | : सहजकर्ता |
| ९. | | थप जिज्ञासामा स्पष्टता | बेदहरी अधिकारी, प्रमुख प्रशासकीय अधिकृत<br>मिनबहादुर गुरुङ, अध्यक्ष |
| १०. | | धन्यवाद सहित समापन | कार्यक्रम अध्यक्ष |
| ११. | | चियापान | |

# अनुसूची ५

## कार्यक्रमका केही तस्वीरहरु



















सुनुवाई कार्यक्रम-२०७९
सहमत मिडिया प्रा.लि.





















# अनुसूची ६

## सार्वजनिक सुनुवाई कार्यक्रममा नागरिकहरुले उठाएका प्रश्न, गुनासो तथा सुझाव एवं कार्यालयको तर्फबाट व्यक्त गरिएका प्रतिवद्धताहरु

| | नामथर | प्रश्न वा जिज्ञासा | जवाफ तथा स्पष्टता |
|---|---|---|---|
| १. | टेकनारायण अधिकारी | ➢ २ वर्ष अघि नै एन्फा एकेडेमीका लागि जग्गा छुट्याइएको थियो । पालिकाले पनि आफ्नो हैसियत अनुसार खर्च गरेको छ । गत वर्ष नै साढे १७ करोड छुट्टिएको सुनेको थिएँ । तर, त्यो बजेट कहिलेसम्म कहाँ गयो ? गाउँपालिकाले पनि लगानी गरेको छ तर किन रोकियो ?<br>➢ भेडाबारी प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नती गरेर १५ शैय्याको अस्पताल बनाउने निर्णय भएको थियो । तर राजनीतिक विभेद गरेर चोरखोल्सा लगिएको भन्ने सुन्नमा आएको छ । अहिले यता न उता भैरहेको छ । चोर खोल्सामा पनि गाउँपालिकास्तरको अस्पताल बनाऔं तर प्राथमिक स्वास्थ्य केन्द्रमा पनि १०/१५ शैयाको कति सकिन्छ अस्पताल बनाउनुपर्छ भन्ने हाम्रो माग हो ।<br>➢ मर्दीखोला खोला पुलको विषयमा विवाद आइरहेको छ, ठाउँ परिवर्तन गर्ने विषय पनि आइरहेको छ, जहाँ डिपिआर भएको छ, त्यहाँबाट किमार्थ दायाँबायाँ नजाओस् । | ➢ एन्फा एकेडेमी सम्पन्न गर्नका लागि पालिकाले निकै पहल गरिरहेको छ । हामी प्रदेशदेखि केन्द्र धाइरहेका छौं । आयोजनाको ५० करोडमध्ये १७ करोड छुट्याएको छ । तर कार्यान्वयनमा अझै अलमल भैरहेको सत्य हो । केही केन्द्रीय नेताहरु यसको विरुद्ध पनि लागेको पाएका छौं । यसबारे जनस्तरबाटै दबाब सिर्जना गर्नुपर्ने अवस्था छ ।<br>➢ गाउँपालिकास्तरीय अस्पताल कहाँ बनाउने भन्ने सन्दर्भमा अघिल्लो जनप्रतिनिधिको निर्णयहरु अध्ययन गरेका छौं । अघिल्लो सरकारले नै २ ठाउँमध्ये एक ठाउँमा हस्पिटल बनाउने निर्णय गरेको रहेछ । दुबैतर्फका जनतासँग छलफल गरेर ३ महिनाभित्र टुंगो लगाउँछौं ।<br>➢ पुल निर्माणमा विवाद निस्कियो भनेर प्रदेशका भौतिक पूर्वाधार मन्त्रीले फोन गरेपछि मैले बल्ल थाहा पाएँ । भेंडाबारीका जनताले बाटो नदिने भयो रे भन्ने पनि सुन्यौं । फेरि गोरखाको जस्तो बाटो विनै पुल बन्ने हो कि भन्ने चिन्ता लागेको छ । तर अहिले सल्लाह भैरहेको छ । दायाँबायाँ हुँदैन । |
| २. | डिल्लीराम पौडेल | ➢ धिताल-धम्पुस ग्रामिण सडक निर्माण गर्ने क्रममा बाटुले चौतारादेखि पूर्णलाल गौतमको साँधसम्म पूर्व सहमति बिपरीत काम भएको छ, गाउँपालिकामा निवेदन दिँदा पनि किन सुनुवाइ भएन ?<br>➢ वडा नम्बर ६ लाई तरकारी पकेट क्षेत्र घोषणा गरेर कार्यक्रम ल्याउन माग गर्दछु ।<br>➢ खोनेपानी मुहान र इदी, मर्दीको किनारमा बनेको जुन बस्ती छ, त्यहाँबाट सेफ्टीट्यांकी खोलामा | ➢ यो सडक १ करोड ८६ लाखको हो । काम नहुँदा त्यो रकम नै फ्रिज भयो । बिजी निर्माण सेवाले ठेक्का पारेर पनि काम सुरु गर्न सकेन । पछि म्याद थप्न भनेर आएको थियो, हामीले थप्न सकेनौं ।<br>➢ वडा नम्बर ६ मात्र होइन पालिकाभित्रका सबै वडामा पकेट कार्यक्रम ल्याउँदै छौं । यो वडालाई तरकारी उत्पादनमा जोड दिन्छौं ।<br>➢ कसैले पनि खोलानाला तथा प्राकृतिक स्रोत प्रदूषण हुने गरी |

| | | | |
|---|---|---|---|
| | | मिसिइरहेको छ । त्यसको खानेपानी ट्यांकीजसरी सेफ्टी ट्यांकी बनाउने नीति ल्याइयोस् । नत्र स्वास्थ्यमा असर पर्ने भयो ।<br>➢ मर्दी खोलाबाट पोखरालाई खानेपानी दिएबापत प्रभावित क्षेत्रका वासिन्दाले रोयल्टी पाउने व्यवस्था गर्न गाउँपालिकाले पहल गरोस् । खानेपानी आयोजनाका कारण मर्दी क्षेत्रका वासिन्दाले मार खेपिरहनु परेको छ ।<br>➢ वडाध्यक्ष नै वराह माविको व्यवस्थापन समिति अध्यक्ष हुनुहुन्छ, यसरी बस्न मिल्छ ? | संरचना बनाउन पाउँदैन । इदी मर्दीमात्रै होइन सबै खाले प्राकृतिक स्रोत तथा सम्पदा संरक्षणको नीति बनाउँछौं ।<br>➢ इदीमर्दी संरक्षण र यस क्षेत्रले पाउने रोयल्टीका विषयमा हामीले पटक पटक आवाज उठाइरहेकै छौं । पोखरा महानगरपालिकासँग पनि छलफल गरेर यसका लागि पहल गर्छौं । कार्यपालिकाले निर्णय गरिसकेको छ<br>➢ शिक्षा समिति र वडा शिक्षा समितिका अध्यक्ष समेत रहनुभएका वडाध्यक्षले पनि सोच्ने विषय हो । यसबारे निर्णय लिन्छौं । |
| ३. | एकनारायण अधिकारी | ➢ धेरै मान्छेको जग्गा एकातिर र लालपूर्जा अर्कोतिर भएको पाइयो, यो समस्या समधानका लागि पालिकाले के पहल गर्दैछ ? | ➢ यस्तो गुनासो हामीलाई पनि आएको थियो । नापी र मालपोत कार्यालयको समस्यामा साटफेर भएका वा एउटाको जग्गा अर्काको लालपूर्जा भएका छन् भन्ने गुनासो छ । समाधान गर्न पहल गर्नेछौं |
| ४. | प्रकाश रानामगर | ➢ माछापुच्छ्रे गाउँपालिकाको विभिन्न ठाउँमा कालोपत्रे भइरहेको अवस्थामा हाम्रो हँडौले गाउँ दुर्गम भइरहेको छ । इदीखोला पक्की पुलदेखि बडहरे हुँदै खोप केन्द्रसम्म बाटो समेत छैन । यसमा के सोचेको छ ?<br>➢ गाउँपालिका जाने बाटोमा साधन हुने चढेर जान्छन्, अरुलाई पनि यातायातको व्यवस्था गरियोस् । | ➢ तपाईंले भन्नुभएको कुरा ठिक हो । हँडौले लगायतका केही ठाउँका जनताले अझै विकासको अनुभूति गर्न पाएका छैनन् । हामीले अब यस्तै क्षेत्रलाई प्राथमिकता राखेर काम गर्छौं । सबै क्षेत्रको विकासमा प्रतिवद्ध छौं<br>➢ गाउँपालिका जानका लागि गाडीका व्यवसायीसँग पनि सल्लाह गर्नुपर्छ । हामी छलफलमा छौं । धेरैले गुनासो गरिरहनु भएको छ । |
| ५. | नन्दलाल गौतम | ➢ योजना योजना तर्जुमा गर्दा स्थानीय सरकार सञ्चालन ऐनअनुसार गरियो कि गरिएन ? हाम्रा र मेरालाई योजना दिइएको भन्ने छ, यसबारे प्रस्ट पारिदिनु होला ।<br>➢ भेंडाबारी, धिताल, धम्पुसको बाटो गत वर्ष टेन्डरमा गइसकेको भए पनि काम पूरा नहुँदा एक वर्ष म्याद थप्ने निर्णय हुँदा हुँदै किन निर्माण कम्पनीको म्याद थपिएन ?<br>➢ मासिक १ लाख २० भाडा दिने गरी उपाध्यक्षले चढ्ने गाडी प्रतिस्पर्धा नगरी आफ्नो मान्छेलाई दिइएको विषय के हो ? | ➢ टोल, वडादेखि नै मागअनुसार योजना छनोट भएको हो । कसैलाई काखापाखा गर्ने र पार्टी र पहुँचको आधारमा योजना दिने काम गरेका छैनौं, ढुक्क हुनुहोला ।<br>➢ बजेटसमेत फ्रिज भइसकेको अवस्थामा कामै नगर्ने ठेकेदारको म्याद किन थप्ने भनेर नथपिएको हो । अब फेरि प्राथमिकतामा राखेर काम गर्न हामी प्रतिवद्ध नै छौं ।<br>➢ उपाध्यक्षका लागि कानुनबिपरीत सवारी साधन व्यवस्था गरिएको होइन । आवश्यकताका आधारमा लिइएको हो । |

| | | | |
|---|---|---|---|
| | | ➢ सोही प्रकृतिका नयाँ कर्मचारी भर्ना गर्न पुराना कर्मचारी किन हटाइयो ? कर्मचारी हटाउँदा स्वास्थ्य केन्द्रको समेत सेवा प्रवाह प्रभावित भएको छ, किन यसो गर्नुभयो ?<br>➢ विद्युतको लाइनमा नांगो तार किन राखिएको छ ? कतिपय ठाउँमा काठकै पोलहरु छन्, यसलाई बिस्थापित गर्न पालिकाले के गर्दै छ ? योजना छ कि छैन ?<br>➢ विद्यालयहरुमाथि र शिक्षामाथि ठाडो हस्तक्षेप भइरहेको गुनासो आइरहेको छ, यस्तो नहोस् ।<br>➢ इदीमर्दी संरक्षणमा के हुँदैछ, माछापुच्छ्रेको स्रोतबाट पोखराले पानी खाइरहेको छ तर राजश्वसमेत माछापुच्छ्रेले पाइरहेको छैन । अघिल्लो सरकारले सुनुवाइ गरेन, तपाईहरुले समन्वयन गर्न सक्नुहुन्छ कि हुँदैन ? | ➢ कुनै पनि कर्मचारीलाई हामीले हटाएका होइनौं, करारमा रहेका कर्मचारी हामीले निकालेका होइनौं, सेवा करार अवधि नथपिएको हो । कर्मचारीकै कारण कुनै पनि सेवा रोकिएको छैन ।<br>➢ नांगो तार व्यवस्थापन गर्ने र काठेपोल बिस्थापित गर्ने सरकारको नीति र कार्यक्रम नै भएकाले यो समस्या सधैंका लागि हट्दैछ ।<br>➢ विद्यालयमाथि कुनै पनि हस्तक्षेप भएको छैन । पछिल्लो समय घटेका घटना न्यायिक निकायमा गएका कारण धेरै बोल्न जरुरी पनि रहेन । बरु पालिकाबाट गरिब तथा जेहेन्दार १८ जना विद्यार्थीले प्राविधिक शिक्षा निशुल्क पढ्न पाउने भएका छन् ।<br>➢ पोखराले हाम्रो खानेपानीको स्रोत प्रयोग गरेबापत हामीलाई रोयल्टी दिनुपर्छ भनेर आवाज उठाइरहेकै छौं |
| ६. | रामप्रसाद अधिकारी | ➢ पोखरा खानेपानी मुहान बाँधको नाकमा सार्न सकियो भने वडा नम्बर ६ र ५ लाई धेरै राहात हुने थियो । जमिनमा सिंचाई गर्न पाइन्थ्यो ।<br>➢ भेंडाबारीमा सुत्केरी हुँदा के कति दिइएको छ ? विभेद गरेको सुनेका छौं । कुरा के हो ?<br>➢ यहाँका किसानहरुले मल, बिऊ नपाएर उब्जनी गर्न पाएका छैनन्, यसको व्यवस्था गर्ने गाउँपालिकाको जिम्मेवारी हो कि होइन ?<br>➢ गाइ पाल्ने किसानले एक लिटरमा जम्मा २५ पैसा अनुदान पाइरहेको छ । किसानको दुधले मुल्य पाउँदैन । किसानलाई प्रोत्साहन गर्न कस्तो योजना छ ? | ➢ खानेपानीको ठूलो योजना भएकाले प्लानिङ अनुसारै सबै काम भइरहेका छन् । बाँध सार्न सकिने, नसकिनेबारे हामीले छलफल गर्नेछौं ।<br>➢ सरकारी स्वास्थ्य संस्थामा नियमित चेकजाँच गराउने र सुत्केरी गराउनेलाई पालिकाले ४५ सयदेखि ६५ सयसम्म भत्ता दिएको छ ।<br>➢ किसानलाई प्रोत्साहन गर्न पालिकाले दूधको प्रतिलिटर १ रुपैयाँ अनुदान दिने निर्णय गरिसकेको छ । अन्य अनुदानका कार्यक्रम पनि चलि नै रहेको छ । मल वीउ समयमा उपलब्ध गराउन पालिकाले पहल गर्छ । हामीले पनि प्रांगारिक मल प्रयोगमा अलि जोड दिनुपर्छ । |
| ७. | विष्णुप्रसाद अधिकारी | ➢ उपभोक्ता समितिलाई भ्याट बिलको लागि दबाब दिइन्छ । आएको रकमको १.५ प्रतिशत गाउँपालिकाले काट्छ । त्यो नियमाअनुसार भ्याट बिलवालाले दाबी गर्न पनि पाउँदैन, गाउँपालिकाले काटेर राख्छ, उपभोक्ता समितिलाई पनि दिँदैन । यो रकम कहाँ जान्छ ? | ➢ उपभोक्ता समिति दर्ता भएरमात्र काम गर्न पाउछन् । हाम्रा उपभोक्ता समिति दर्तासमेत भएको छैन । दर्तावाला उपभोक्ता समिति हो भने उहाँहरुकै नाममा टिडिएस काटिएरै उहाँहरुकै नामबाट जम्मा हुन्छ । हामीले भ्याट बिलमा काटेको १.५ टिडिएस राज्यको कर खातामा जम्मा हुन्छ । |

| | | | |
|---|---|---|---|
| ८. | धर्मराज ढुंगाना | ➢ माछापुच्छ्रे गाउँपालिका भित्र एक्याप बाहेक १७ वटा सामुदायिक वन उपभोक्ता समिति दर्ता छन् । वनको गोडमेलका लागि गाउँपालिकाले बजेट दिन्छ कि दिँदैन ?<br>➢ बाँदरको आतंकका कारण बस्ती खण्डहरु हुँदैछन् । ग्रामिण सडक र घर वरिपरीका रुखहरु फाँड्ने व्यवस्था मिलाइयोस् । | ➢ गाउँपालिकाले यस विषयमा निर्णय गरिसकेको छैन । एक्याप क्षेत्रको आफ्नै कानुन छ, अन्य क्षेत्रमा पनि वन ऐन आकर्षित हुन्छ । पालिकाले सामुदायिक बन उपयोगको नीति बनाएर संरक्षण तथा प्रयोग गर्ने तयारी गर्दैछ ।<br>➢ यो समस्या देशैभरिको हो । अन्यत्रको अनुभव पनि हेरेर हामीले समाधानको योजना बनाउँदै छौं । |
| ९. | सोमनाथ पौडेल | ➢ धिताल वडा नम्बर ६ सुगम भनिएको छ, त्यसका सूचकहरु केके हुन्, भनिदिनुहोला ? सडकका कारण धितालका पर्यटक धम्पुस पुग्न नसक्ने र धम्पुसका पर्यटक धिताल आउन नसक्ने अवस्था छ । यसबारे पालिकाले के गर्दैछ ? | ➢ शहरसँग नजिक र अन्य सुविधाले सुगम भनिएको होला । माछापुच्छ्रेमा योभन्दा पनि थुप्रै विकट र दुर्गम गाउँहरु छन् । धिताल-धम्पुस सडकको विषयमा धेरै प्रश्न उठिरहेका छन्, यसको जवाफ खोज्ने गरी लागिरहेकै छौं । |
| १०. | कृष्णप्रसाद अधिकारी | ➢ वडा नम्बर ६ का विद्यालयहरुमा ठूला र डरलाग्दा घटनाहरु घट्दा पनि विद्यालय प्रशासन, वडा शिक्षा समिति र पालिकाले के हेरेर बसेको छ ?<br>➢ अहिलेका वडाध्यक्ष भेडाबारी स्वास्थ्य चौकीको पनि अध्यक्ष हुनुहुन्थ्यो । त्योबेला १५ शैयाको अस्पताल बनाउने भनेर जनताले जग्गाहरु दिए तर किन बन्न सकेन ?<br>➢ वडामा योजना तर्जुमा हुँदा सबैलाई खबरै भएन, किन जानकारी गराइएन ? योजना तर्जमा पुहँचमा खल्तीका योजना हालेर गर्ने अनि जनतालाई उपभोक्ता समिति गठन गर भन्न पाइन्छ ? | ➢ २ वटा स्कुलमा घटना घटेको सत्य हो । तर हामीले पछि मात्रै थाहा पायौं । कानुनी प्रक्रियामा गइसकेपछि हामीले गिजोल्ने कुरा पनि भएन । त्यसबाट पाठ सिकेर अब गल्ती हुन नदिने हो ।<br>➢ माछापुच्छ्रेको अस्पताल कहाँ बनाउने भन्ने विवाद भैरहेको छ । त्यो समाधान गर्ने निर्णय भएसँगै भेडाबारी प्राथमिक स्वास्थ्य केन्द्रका पनि सबै समस्याहरु हल हुन्छ ।<br>➢ टोल टोलमा खबर भएकै हो । कारण बस खवर नपाएको होला । योजना कसैले खल्तीको हालेको छैन । योजना परेपछि नै योजनाअनुसार उपभोक्ता समति गठन गर्न भनेका हौं । |
| ११. | पार्वती भण्डारी पौडेल | ➢ धिताल खानेपानी योजनाका लागि ४६ लाख रुपैयाँ टेन्डर भएकोमा यो वर्ष किन म्याद थप गरिएन ?<br>➢ इदीखोला संरक्षणका निम्ति पालिकाले पहल गरिदिनुपर्‍यो । अब लाइन लागेर डोजर ट्रिपर आउँछन्, राजश्व उठाउनेतिर मात्र होइन, संरक्षणका योजना ल्याउन पनि माग गर्दछु । | ➢ ठेकेदारले समयमै काम नगरिदिएका कारण समस्या भएको हो । यसलाई सम्पन्न गर्ने योजनासहित पालिका अगाडि बढिसकेको छ ।<br>➢ इदी र मर्दीको विषय धेरै उठिरहेको छ । यो ५ वर्षभित्र संरक्षणको विशेष योजना अघि बढाउछौं । राजश्व बढाउन पनि हामी सचेत छौं । नोक्सान नहुने गरी काम गर्छौं । |

| | | | |
|---|---|---|---|
| १२. | राजाराम पौडेल | ➢ स्थानीय सरकार आफैं स्वायत्त छ । एक्यापले स्थानीय सरकारसँग समान्तर सत्ता सञ्चालन गरिरहेजस्तो देखिएको छ । प्राकृतिक स्रोत, साधन स्थानीयकै अधिनमा रहनुपर्दछ । एक्यापले स्थानीय सरकार र स्थानीयको आय आर्जनमा वाधा पुऱ्याउने काम नगरोस् ।<br>➢ वडा नम्बर ६ का अध्यक्षले गाउँपालिकाबाट ८० लाखको सिलिङ आउँदा कहाँ योजना पार्नु भो थाहै पाइएन । स्वार्थ समूहले फाइदा लिइरहेको छ । | ➢ एक्यापले सत्ता चलाएको होइन, सरकारकै ऐन अनुसार संरक्षणको काम गरेको हो । अवधि सकिएपनि थप निर्णय भएको छैन । अर्को व्यवस्था नभएसम्म एक्यापकै नियम कार्यान्वयन गर्नुको विकल्प छैन । हामी त कर्मचारी हौं, कार्यान्वयन गर्न परिहाल्छ । अहिले सहकार्य गरेरै संरक्षण तथा उपयोग गर्ने हो ।<br>➢ टोल र वडा तहमा बजेट तर्जुमाका लागि छलफल भएकै हुन् । कुनै पनि स्वार्थ समूहको चलखेल भएको छैन, योजना कहाँ परेको छ भन्ने स्पष्ट नै छ । |
| १३. | चन्द्र ढकाल | ➢ गाउँपालिकाभित्र एसईईको सेन्टर नहुँदा विद्यार्थीले धेरै सास्ती खेप्नु परेको छ, पालिकाभित्र एउटा सेन्टर राख्न सके धेरै सजिलो हुने थियो, पालिकाले ध्यान किन दिएको छैन ? | ➢ शिक्षा समितिले यसबारे छलफल गरिरहेकै छ । हाम्रा विद्यार्थीले सजिलो गरी परीक्षा दिउन् भन्ने हामीलाई लागेको छ । पहल गरेका छौं, प्रक्रिया पुग्यो भने पाइन्छ । |
| १४. | पंकज अधिकारी | ➢ अन्नपूर्ण र माछापुच्छ्रेको सीमामा भएका होटलहरुको विवादका कारण रोयल्टी हाम्रो मातहत आउन सकेको थिएन, अहिले के हुँदैछ ?<br>➢ नदीजन्य उत्खनन् गर्ने काममा अवैध काम भइरहेको छ, यस्ता कम्पनीलाई छुटसमेत दिएको कुरा छ, खास कुरा हो ? | ➢ यसअघि यो विषयमा भएको विवाद सतहमै आएको थियो । अझै पनि सीमा विवाद टुंगिएको छैन । हाम्रो क्षेत्रका होटल, संरचनालाई नियमन गर्न पालिका कटिवद्ध छ ।<br>➢ हिजो जे भयो भयो अब अवैध काम गर्न दिंदैनौं । कसैको प्रभावमा पर्दैनौं, नियमभन्दा तलमाथि हुँदैन । |
| १५. | पूर्णभद्र गौतम | ➢ लुम्रे हुँदै सिदिङसम्म पुग्ने सडकको बीचमा रहेको बुदुनी खोलामा बनाउनुपर्छ भनेर धेरै माग गऱ्यौं, सुनुवाइ भएन । पालिकाले प्राथमिकता दिओस् । | ➢ जनताका धेरै इच्छा आकांक्षा र आवश्यकताहरु छन् । ती सबै उत्तिकै महत्वपूर्ण पनि छन् । गाउँपालिकाले प्राथमिकताको आधारमा आवश्यकता पूरा गर्दै जानेछ । |

# अनुसूची ७

## सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागीहरु



# अनुसूची ८

## सार्वजनिक सुनुवाई कार्यक्रमको समाचार

ADMISSION OPEN!
BHM | BBA
POKHARA
+977 61 531964
LINCOLN

समृद्ध नेपालका लागि स्वतन्त्र पत्रकारिता
आदर्श समाज
राष्ट्रिय दैनिक
वर्ष २७ | अंक १५५ | २०७९ असोज १ गते शनिबार | नेपाल संवत् ११४२ | Adarsha Samaj National Daily | eAdarsha.com | 17 September, 2022 | पृष्ठ ४ | मूल्य रू. १०/-

संविधान दिवस भव्यरुपमा मनाऔं
नेपाल सरकार
विज्ञापन बोर्ड

### एक्यापविरुद्ध खनिए माछापुच्छ्रेवासी

# खानेपानीबाट राजस्व लिनुपर्ने माग

■ *आदर्श समाज*

पोखरा, ३१ भदौ

कास्कीको माछापुच्छ्रे गाउँपालिका ६, धितालका राजाराम पौडेलले आफ्नो पालिकामा एक्याप र स्थानीय सरकार समानान्तर चल्दा नागरिकले सास्ती भोग्नुपरेको गुनासो गरे । 'एक्याप र स्थानीय सरकार समानान्तर भयो । पालिकाको क्षेत्रभित्र एक्याप छ तर पालिकालाई टेर्दैन,' उनले भने, 'पालिका र एक्याप समानान्तर हुँदा जनताले दुख पाएका छन् । समाधानको निकास खोजियोस् ।'

उनीमात्रै होइन, जनप्रतिनिधि पनि एक्यापको कामप्रति सन्तुष्ट छैनन् । माछापुच्छ्रे गाउँपालिका वडा २ का अध्यक्ष गणेश आचार्य एक्यापले निर्दोषलाई अपराधी करार गरेको आरोप लगाउँछन् । 'जसले मसिन चलाएकै छैन, उसलाई एक्यापले पत्र लेखेको छ,' उनले भने, 'कसैले उजुरी गर्‍यो भन्दैमा निर्दोषलाई पत्र लेख्नुपर्छ ? उसको सामाजिक प्रतिष्ठा बिग्रिएको छ, त्यसको जिम्मा कसले लिन्छ ?'

उनले आफूहरु पनि संघ सरकारकै कानुनअनुसार संचालित सरकार भएकोले एक्यापलाई समन्वयबिना अघि नबढ्न चेतावनी दिए । 'संघको कानुनअनुसार चलेको भनेर अवैध काम गर्न मिल्छ ? दर्ता नभएको संस्थाले के आधारमा शुल्क उठाएको छ ? सिएमसीको अहिलेसम्म अधिवेशन भएको छैन,' आचार्य भन्छन्, 'एक्यापले सरासर गल्ती गरिरहेको छ ।' माछापुच्छ्रे ८ का वडाध्यक्ष रामबहादुर गुरुङ एक्यापकै कारण आन्तरिक स्रोत बढाउन नसकेको गुनासो गर्छन् । 'सरकार भनेको त आफैं स्रोत खोजेर विकास गर्ने हो नि ! हाम्रो स्रोतजति एक्यापले हडपेको छ,' उनले भने, 'न खोला छुन पाएका छौं, न जंगल छिर्न ।



सानो दाउरा काट्दासमेत मुद्दा खेप्नुपर्छ । सरकार आए पनि नागरिकले अनुभूति गर्न पाएका छैनन् ।' एक्यापले पालिकासँग समन्वय नगरेको आरोप उनले लगाए ।

> संघ सरकारकै कानुनअनुसार संचालित सरकार भएकोले एक्यापलाई समन्वयबिना अघि नबढ्न चेतावनी

एक्याप प्रतिनिधि बाबुलाल तिरुवाले आफूहरु सरकारकै मातहतमा रहेर चलेको बताए । 'नागरिकलाई दुख दिने हाम्रो नियत छैन । सकेसम्म समन्वय गरेरै चलेका छौं,' उनले भने, 'अहिले हामी संघ सरकारको एउटा अंगको रुपमा छौं । संरक्षणको काम गरेका छौं । भोलि सरकारले हटायो भने हामी प्राविधिकरुपमा मात्रै काम गर्छौं । यो हाम्रो रहर होइन ।' उनले हाल अन्योल रहेकोले केही समयमै एक्यापबारे टुंगो लाग्ने र त्यसबेलासम्म विद्यमान व्यवस्थाअनुसार नै चल्ने स्पष्ट पारे ।

गाउँपालिका अध्यक्ष मीनबहादुर गुरुङले एक्यापसँग धेरै पटक समन्वय गर्न खोज्दा सफल नभएको बताए । 'नागरिकको गुनासो बढेको छ । सरकार भएपछि हामीले उनीहरुको कुरा सुन्नुपर्छ,' गुरुङ भन्छन्, 'एक्याप अब स्थानीय सरकारमा आउनुपर्छ ।' खासगरी एक्यापका कारण नदीजन्य सामग्री उत्खनन् गर्न नपाएको पालिकावासीको गुनासो छ । एक्याप डेढ वर्षदेखि बिनानवीकरण चलिरहेको छ । २०७७ माघमा म्याद सकिएपछि नवीकरण भएको छैन ।

गाउँपालिकाले नागरिकलाई प्रदान गरेको सेवा प्रवाह र विकास निर्माणका विषयमा आयोजना गरिएको सार्वजनिक सुनुवाइमा सहभागीले पोखरा खानेपानी संस्थानबाट पालिकाले राजस्व लिनुपर्ने बताएका छन् । 'मर्दीखोलाको पानी पोखरा पुगेको छ । इ यामका कारण खेतीयोग्य जमिन कटान भएको छ, सिंचाइ नभएर बाँझिएको छ,' स्थानीय नन्दलाल गौतमले भने, 'हाम्रो जमिनको सुरक्षा हुनुपर्‍यो । पालिकाले संस्थानबाट राजस्व लिनुपर्छ । त्यसका लागि पहलहोस् ।' अध्यक्ष गुरुङले राजस्व लिनकै लागि कार्यपालिकाबाट निर्णय भएर सम्बन्धित निकायमा पठाइएको जानकारी दिए ।

उनीहरुले भेडाबारीमा निर्माण हुने भनिएको एन्फाको ड्रिम प्रोजेक्ट अन्योलमा परेकोप्रति गुनासो गरेका छन् । 'एन्फाको एकेडेमी बनाउने भनेर हामीले जग्गा दियौं । पहिले १७ करोड छुट्टिएको सुनेका थियौं । अहिले के प्रगति भइरहेको छ?,' एकनारायण अधिकारीले भने, 'पालिकाको बजेट पनि खर्च भएको छ । राष्ट्रकै गौरवको योजना अलपत्र पर्दा हाम्रो मन दुखेको छ । योजना जसरी पनि पूरा होस् ।'

कार्यक्रमका सहभागीले पालिकाका विभिन्न सडक निर्माणमा ढिलासुस्ती भएको, १५ शैयुयाको अस्पताल निर्माणका लागि जग्गा टुंगो नलागेको, अबैधरुपमा क्रसर संचालन र नदीजन्य सामग्री निकासी भएको, करारका कर्मचारी हटाएको, बजेट विनियोजनमा विभेद गरेको गुनासो गरे ।

गाउँपालिका उपाध्यक्ष सीता अधिकारीले नागरिकको आवश्यकता र अपेक्षाकै आधारमा योजना छनोट र बजेट विनियोजन गरेको बताएकी छिन् । उनले अस्पताल निर्माणका लागि जग्गा केही महिनाभित्रै टुंगो लगाउने र निर्माण सुरु गर्ने बताइन् । करारका कर्मचारीको म्याद सकिएर सम्झौता नवीकरण नभएको, सडक निर्माणमा ठेकेदारले बदमासी गरेकाले समयमा सम्पन्न हुन नसकेको अधिकारीको भनाइ छ । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत वेदहरि अधिकारीले गत वर्ष सम्पन्न योजना र बजेट खर्चबारे जानकारी दिएका थिए ।

समाप्त ।